नेपाल सरकार

अर्थ मन्त्रालय

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौ ।

# वैदेशिक रोजगार बचतपत्र - २०८६ निष्काशन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१÷०१÷२०

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट देहाय बमोजिमका विशेषता रहेको वैदेशिक रोजगार बचतपत्र - २०८६ निष्काशन गरिने भएकोले वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक वा निजको परिवारको सदस्य (आमा, बुवा, श्रीमान्, श्रीमती, छोरा, छोरी) तथा गैर-आवासीय नेपालीहरुबाट बचतपत्र खरीदको लागि आवेदन आव्हान गरिएको छ ।

१. **विशेषताहरू**

| | | |
|---|---|---|
| क) बचतपत्रको नाम | : | वैदेशिक रोजगार बचतपत्र-२०८६ (५ वर्षे) । |
| ख) निष्कासन हुने रकम | : | रु. १,००,००,००,०००।-(अक्षरेपी एक अर्ब मात्र)। |
| ग) वार्षिक ब्याजदर | : | ९.०० प्रतिशत। |
| घ) ब्याज भुक्तानी विधि | : | अर्धवार्षिक। |
| ङ) खरीद गर्न पाउने सीमा | : | घटीमा रु. १०,०००।- (दस हजार रुपैयाँ) र बढीमा रु. १०,०००।- (दस हजार) ले भाग गर्दा निःशेष भाग जाने गरी आह्वान गरिएको रकमसम्म। |
| च) लगानी (खरीद) कर्ता | : | यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपाली नागरिकले आफु वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरीद गर्न सक्ने। |
| छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन÷दिन सकिने, जुनसुकै समयमा दोस्रो बजार मार्फत खरिद विक्री गर्न सक्ने। |

२. **बिक्री, निष्कासन र साँवा भुक्तानी**

| | | |
|---|---|---|
| क) बिक्री खुला हुने अवधि | : | २०८१ वैशाख २३ गते देखि २०८१ जेठ २२ गते सम्म। |

१।२०

ख) निष्काशन मिति : २०८१ जेठ २९ गते।

ग) साँवा भुक्तानी मिति : २०८६ जेठ २९ गते।

नेपाल सरकार सार्वजनिक ऋण व्यवस्थापन कार्यालय काठमाण्डौ

**३. ब्याज भुक्तानी सम्बन्धी व्यवस्था**

क) ६÷६ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुने।

**४. अन्य व्यवस्था**

| | |
|---|---|
| क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रिया | इच्छुक खरीदकर्ताले यो बचतपत्र खरीद गर्नको लागि यस कार्यालयको **DOMS** प्रणाली अन्तर्गत ***Investor Portal*** मार्फत आवेदन पेश गर्न सक्ने ब्यवस्था गरिएको छ।मिति २०८१ वैशाख २३ गतेदेखि ***https://investor.doms.gov.np*** मा राखिएको अनलाइन आवेदन प्रक्रिया अनुसार बचतपत्रको आवेदन अनलाइन प्रणालीमार्फत् भर्न सकिने व्यवस्था गरिएको छ। यो आवेदन भर्ने कार्यमा सहजीकरण गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बिक्री एजेन्टहरुको सूची कार्यालयको वेबसाईट ***https://www.pdmo.gov.np*** तथा यसै सूचनासँगै राखिएको छ।<br>आवेदन कर्ताले सूचनाको अवधिभित्र एक पटक वा पटक पटक समेत आवेदन दिन सक्ने। |
| ख) खण्डित अवधिको ब्याज | बैंक तथा वित्तीय संस्थाले आवेदकको खाता रुजु गरी आवेदन रकम बराबर निष्कासन मिति सम्म रोक्का राख्नुपर्नेछ। निष्कासन मितिमा नेपाल सरकारलाई रकम बुझाउनु पर्ने भएकोले खण्डित अवधिको ब्याज रकम भुक्तानी नदिइने। |
| ग) बचतपत्रको किसिम | स्टकको रुपमा जारी हुने। |
| घ) आवेदन रकम भुक्तानी विधि | यो बचतपत्र निष्कासन हुने दिन १५:०० बजे भित्र बैंक तथा वित्तीय संस्थाले आवेदकको खातामा खर्च लेखी नेपाल सरकारको खातामा रकम जम्मा गर्नुपर्नेछ। |
| ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजात | 1. राहदानी (फोटो सहितको फ्रन्ट पेज, अध्यागमनको अराईभल वा डिपार्चरको छाप लागेको पेज )<br>2. कार्यरत मुलुकको भिसा (भारत बाहेक अन्य मुलुकमा कार्यरत कामदारका लागि मात्र),<br>3. कार्यरत कम्पनीको आधिकारिक परिचयपत्र (म्याद ननाघेको),<br>4. विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण स्वरुप विदेशी मुद्रा सटही रसिद (Remittance Voucher) वा नेपालमा विदेशी मुद्रामा खाता रहेको भए सो खाताबाट विदेशी मुद्रा सटही गरेको भौचर,<br>5. परिवारका अन्य सदस्यले खरीद गर्ने भए वैदेशिक रोजगारमा संलग्न सदस्यको नागरिकताको प्रतिलिपि,<br>6. नावालकको नाममा संरक्षक भइ खरीद गर्ने भएमा नावालकको |

| | |
|---|---|
| | जन्मदर्ता प्रमाणपत्र,<br>7. माथि उल्लिखित कागजात स्क्यान गरी ***https://investor.doms.gov.np*** मा अनिवार्य रुपमा **Upload** गर्नुपर्ने,<br>8. सम्पूर्ण कागजातहरु **Upload** गर्दा ***PDF, JPEG*** को **Format** मा हुनु पर्ने र प्रत्येक कागजात **5 MB** भन्दा कम हुनु पर्ने। |
| च) आवेदन अस्वीकृत हुन सक्ने | रीतपूर्वक पेश नभएका वा आवश्यक कागजात पेस नगरेका आवेदनकर्ताको आवेदन अस्वीकृत हुन सक्ने। |
| छ) बाँडफाँट सम्बन्धी व्यवस्था | ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुने। |
| ज) प्रमाणपत्र सम्बन्धी व्यवस्था | **DOMS** प्रणालीको खरिदकर्ताको सम्बन्धित **UID** बाट Digital रुपमा उपलब्ध हुने। |
| झ) अन्य व्यवस्था | यो बचतपत्र खरीद÷बिक्री सम्बन्धी अन्य व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुने। |
| ञ) थप जानकारी | थप जानकारीका लागि काठमाण्डौमा यस कार्यालयको फोन नं. ०१-४५३८३५८, 01-45383५९, ०१-४५३८129, ०१-४५३८130 वा इमेल ठेगाना internaldebt@pdmo.gov.np मा सम्पर्क गर्न सकिने। |

## ५. वैदेशिक रोजगार बचतपत्र खरीद गर्नको लागि सहजीकरण गर्ने बिक्री एजेण्टहरुको नाम

| क्र.सं. | बिक्री एजेण्टहरुको नाम | नेपालको ठेगाना | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १. | सिटिजन्स् बैंक इन्टरनेशनल लिमिटेड | दरबारमार्ग, काठमाण्डौ | ९७७-१-४५२७८४२, ९७७-१-४४२५४७४ |
| २. | नबिल बैंक लिमिटेड | तिनधारा, दरवारमार्ग, काठमाण्डौ | ९७७-१-५९७१८७१, ९७७-१-४२२३३८९ |
| ३. | माछापुच्छ्रे बैंक लिमिटेड | लाजिम्पाट, काठमाण्डौ | ९७७-१-४५२८५५६, ९७७-१-४४१६०८९ |
| ४. | प्रभु बैंक लिमिटेड | अनामनगर, काठमाण्डौ | ९७७-१-५७१९०००, ९७७-१-४७८६०४१ |
| ५. | लक्ष्मी सनराइज बैंक लिमिटेड | गैह्रीधारा, काठमाण्डौ | ९७७-१-४००४५६०-६२, ९७७-१-४००४५६६ |
| ६. | सिद्धार्थ बैंक लिमिटेड | हात्तीसार, काठमाण्डौ | ९७७-१-५९७०७१९, ९७७-१-४३७६६०१ |
| ७. | सानिमा बैंक लिमिटेड | नक्साल, काठमाण्डौ | ९७७-१-४४२८९७९/८० |
| ८. | सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि. | कमलादी, काठमाण्डौ | ९७७-१-४५३१९०० |
| ९. | आइएमई लिमिटेड | पानीपोखरी, काठमाण्डौ | ९७७-१-४५३०६०० |
| १०. | एनएमबी बैंक लिमिटेड | बबरमहल, काठमाण्डौ | ९७७-१-५९७०१५० |
| ११. | ग्लोबल आईएमई बैंक लि. | कमलादी, काठमाण्डौ | ९७७-१-५९७०१३८ |
| १२. | नेपाल बैंक लिमिटेड | धर्मपथ, काठमाण्डौ | ९७७-१-४२३९८८८ |
| १३. | इसेवा मनि ट्रान्सफर प्रा.लि. | पुलचोक, ललितपुर | ९७७-१-५९७०३७७ |
| १४. | नेपाल रेमिट इन्टरनेशनल प्रा.लि. | कमलादी, काठमाडौं | ९७७-१-४५१३०००, ९८०११६६८८, ९८२३८३८००० |